मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा गाडीले च्यापिएर सहचालकको मृत्यु

हेटौंडा, १५ बैशाख/हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङमा गाडीले च्यापिएर सहचालकको मृत्यु भएको छ । पूर्वपश्चिम राजमार्गको हेटौंडा उपमहानगरपालिका-११ थानभञ्याङमा ट्रकले च्यापिएर पर्साको पर्सागढी गाउँपालिका-३ विरुवागुठीका २३ वर्षीय फूलकान्त थारुको मृत्यु भएको हो । थानाभञ्याङमा रोकिराखेको ना. ७ ख.७०१८ नम्बरको लहरी ट्रकको अगाडिको भागको सिसा पुछेर सफा गर्न लागिरहेको अवस्थामा चालकले गाडी चलाउँदा राजमार्ग छेउमा अगाडि रोकिराखेको ना ६.ख.४२८९ नम्बरको ट्रक पछाडि ठोक्किँदा लहरीको सहचालक थारु च्यापिएर घाइते भएका थिए । घाइते सहचालक थारुलाई उपचारको लागि हेटौंडा अस्पताल ल्याइएको थियो । हेटौंडा अस्पतालमा उपचार सम्भव नभएपछि चितवनस्थित भरतपुर अस्पताल लगिएको थियो । भरतपुर अस्पतालमा उपचारको क्रममा सहचालक थारुको सोमबार राति मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता पुस्कर बोगटीले बताए । लहरीका चालक पर्सा ठोरी गाउँपालिका-१ का ३२ वर्षीय एकराज तिमिल्सेना र अर्का चालक उदयपुरका २९ वर्षीय भविस तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# नेतृत्वमा स्पष्ट दृष्टिकोण हुनुपर्छः मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १५ बैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले जनताको जीवनस्तर सुधार गर्न नेतृत्वमा स्पष्ट दृष्टिकोण र साहस हुनुपर्ने बताएका छन् ।

नेपाली राजनीतिमा देखिएको बोली र व्यवहारबीचको खाडलले प्रभावकारी काम हुन नसकेको उनको भनाई छ । प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमअन्तर्गत समसामयिक शासनप्रणालीका विभिन्न आयाममा नीतिसंवाद कार्यशालालाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले संघीयतालाई सफल बनाउन नीति निर्माण र कार्यान्वयन गर्ने निकायबीच तादम्यता हुनुपर्ने बताए । उनले नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई बलियो बनाउन नीति र व्यवहारमा एकरुपता कायम गर्नुपर्ने उल्लेख गरे । प्रशासनसंयन्त्र सक्रिय, निष्पक्ष, पारदर्शी र जनताप्रति उत्तरदायी नभएसम्म जतिसुकै राम्रो नीति बनाए पनि त्यसको प्रतिफल जनताले नपाउने उनको धारणा छ ।



मुख्यमन्त्री बानियाँले नेतृत्व र कार्यान्वयन पक्षको गति नमिल्दा नेपालमा पटकपटक राजनीतिक परिवर्तन भए पनि जनताको अवस्थामा सोचेअनुसारको परिवर्तन आउन नसकेको बताए । अबका नीति दोहोरो अर्थ लाग्ने खालको नभई स्पष्ट र नतिजामुखी हुनुपर्नेमा उनले जोड दिए । 'नेताले नीति बनाउँछ । तर, त्यसलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने जिम्मेवारी निजामती प्रशासनको हो । जबसम्म प्रशासनसंयन्त्र सक्रिय, निष्पक्ष, पारदर्शी र जनताप्रति उत्तर दायी हुँदैन, तबसम्म जतिसुकै राम्रो नीति बनाए पनि त्यसको प्रतिफल जनताले पाउँदैनन्' उनले भने, 'हाम्रो बोलीमा उत्साह देखिन्छ । तर, कुर्सीमा बसेर काम गर्दा त्यो व्यवहार मा लागूहुन सकिरहेको छैन । नेतृत्व र कार्यान्वयन पक्षको गति नमिल्दा नेपालमा पटकपटक राजनीतिक परिवर्तन भएपनि जनताको अवस्थामा सोचेअनुसारको परिवर्तन आउन सकेन ।'

संघीय अवधारणा र संरचनाकै कारण विश्वका धेरै देशले विकासमा गति लिएको चर्चा गर्दै उनले नेपालमा पनि असल नेतृत्वले नयाँ मार्गदर्शन गर्नुपर्ने बताए । मुख्यमन्त्री बानियाँले संघीयतालाई संस्थागत गर्नका लागि संघीय सरकारले निजामती सेवा ऐन, प्रहरी ऐन, वन र भूमिसम्बन्धी कानुनहरु यथाशीघ्र निर्माण गरी प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्ने बताए । जनता बलियो भएमात्र राज्य बलियो हुने उनले उल्लेख गरे । नागरिकको हित र विकास निर्माण तथा समृद्धिका लागि तीनै तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको भावना अनुसार काम हुनुपर्ने मुख्यमन्त्री बानियाँले बताए ।

राजनीतिक र प्रशासनिक नेतृत्व अख्तियारको फन्दामा पर्ने गरेको प्रसंग उल्लेख गर्दै मुख्यमन्त्री बानियाँले कतिपय अवस्थामा प्रतिशोधपूर्ण ढंगले हुर्मत लिने काम भइरहेको बताए । उनले प्रशासनिक संरचनालाई दबाव र प्रभावमुक्त तथा पारदर्शी बनाउनुपर्नेमा जोड दिए । तीन तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको भावनासँगै सुशासन कायम गर्नुपर्ने उनको भनाइ थियो । संघीय सरकारले निजामती र प्रहरीसम्बन्धी कानुन समयमै निर्माण गरिदिए संघीयता कार्यान्वयन सहज हुने उनले उल्लेख गरेका छन् ।

कार्यशालामा विज्ञ उमेश प्रसाद मैनालीले 'संघीय सुशासन र सुधारका मार्गचित्र' विषयमा प्रस्तुति दिँदै संघीय संरचनामा देखिएका जटिलता, अधिकार बाँडफाँडका चुनौती, तथा अन्तरसरकारी समन्वयका कमजोरी औंल्याए । उनले पारदर्शिता, जवाफदेहिता र प्रभावकारी अनुगमन प्रणालीलाई सुदृढ गर्दै सुशासनको आधार मजबुत बनाउनुपर्नेमा जोड दिए ।

त्यस्तै, डा.नहकुल सुवेदीले 'नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका आधारभूत चुनौती र समाधान' विषयमा प्रस्तुति दिँदै नीतिगत असंगति, स्रोतसाधनको सीमितता, कार्यान्वयन क्षमताको अभाव र अनुगमन प्रणाली कमजोर हुनु प्रमुख समस्याकारुपमा रहेको उल्लेख गरे ।

उनले दीर्घकालीन सोचसहितको योजना निर्माण, यथार्थपरक बजेट विनियोजन र परिणाममुखी कार्यान्वयन प्रणाली विकास गर्नुपर्ने आवश्यकता औंल्याए । कार्यक्रममा सहभागीले प्रस्तुत विषयमा खुला छलफल गरेका थिए। छलफलका क्रममा प्रदेश र स्थानीय तहबीच समन्वय अभाव, योजना कार्यान्वयनमा देखिने ढिलासुस्ती, तथा जनअपेक्षाअनुसार सेवाप्रवाह गर्न नसकिएको जस्ता विषय उठाएका थिए । सहभागीले नीति निर्माणदेखि कार्यान्वयनसम्म एकीकृत दृष्टिकोण अपनाउनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा पूर्वमुख्यमन्त्री शालिकराम जम्कट्टेल, बागमती प्रदेश सरकारका मन्त्रीहरु, प्रदेशसभा अन्तर्गत विभिन्न विषयगत समितिका सभापतिहरु, संसदीय दलका नेताहरु, प्रमुखसचेतक तथा सचेतकहरु, साथै सबै मन्त्रालयका सचिवहरु र विभिन्न मन्त्रालयका कर्मचारीको उल्लेख्य उपस्थिति रहेको थियो ।

# मकवानपुरगढीमा शिक्षकका सन्तान सामुदायिक विद्यालयमै



साझाकुरा संवाददाता

हेटौंडा, १५ बैशाख/ मकवानपुरगढी गाउँपालिका-५ मा सामुदायिक विद्यालय सुधारका लागि नयाँ अभियान सुरु भएको छ । यस अभियानको केन्द्रमा शिक्षक स्वयं रहेका छन् ।

वडाभित्रका सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षक शिक्षिकाले अब आफ्ना नानीबाबुलाई अनिवार्यरुपमा सामुदायिक विद्यालयमै पढाउने सामूहिक प्रतिबद्धता जनाएका छन् । सामुदायिक विद्यालयको गुणस्तर सुधार्ने लक्ष्यसहित गरिएको यो निर्णयले स्थानीय शैक्षिकक्षेत्रमा नयाँ आशा जगाएको छ । वडाअध्यक्ष दिपेश दाहालको अध्यक्षतामा आयोजित सामूहिक बैठकमा यो निर्णय गरिएको हो । 'म बनाउँछु मेरो विद्यालय' भन्ने नारासहित यस वडाभित्र रहेका सातवटै सामुदायिक विद्यालयका शिक्षकशिक्षिकाले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमै पढाउने लिखित प्रतिबद्धता जनाए ।

यो प्रतिबद्धतामा शारदा माध्यमिक विद्यालयका प्रधानाध्यापक ईन्द्रबहादुर कार्की, सरस्वती आधार भूत विद्यालय चतुर्भुज पौडेल, अमर सिंह आधारभूत विद्यालयका राजु संजेल, आधारभूत विद्यालयका प्रल्हाद घिमिरे, ज्योति आधारभूत विद्यालय करुणा विष्ट, मञ्जुश्री आधारभूत विद्यालयका कृष्णप्रसाद आचार्य तथा उज्वल आधारभूत विद्यालयका इन्द्रबहादुर बस्नेत सहभागी भए ।

बैठकमा केवल प्रतिबद्धता मात्र जनाइएन । सामुदायिक विद्यालयको शैक्षिक सुधार, आगामी रणनीति र विद्यालयको स्तर उकास्ने उपायबारे पनि विस्तृत छलफल भयो । बैठकमा वडाअध्यक्ष दाहालले स्थानीय सरकार सामुदायिक विद्यालयको शैक्षिक सुधारप्रति सधैं प्रतिबद्ध रहेको बताए । उनकाअनुसार सामुदायिक विद्यालयको स्तर उकास्न शिक्षक, अभिभावक र स्थानीय सरकार एकै ठाउँमा उभिनु आवश्यक छ । बैठकमा वडासचिव फणिन्द्र बीसी, वडासदस्य सुकराम थिङ, अर्जुनबहादुर रुम्बा, नन्दकुमारी विक, चन्द्रकुमारी हुमागाईं, शिक्षा समिति सदस्य बलराम फुयाँल, तेलीमाया घलान, कमलप्रसाद संजेललगायत विद्यालय व्यवस्थापन समिति पदाधिकारी र शिक्षक प्रतिनिधिको उपस्थिति थियो ।

गतवर्षको एसईई परीक्षामा जिल्ला प्रथम हुन सफल शारदा माध्यमिक विद्यालयको उपलब्धिलाई आधार मानेर वडा नम्बर ५ का अन्य विद्यालयलाई पनि अग्रणी शैक्षिक संस्थाकारुपमा विकास गर्ने लक्ष्य लिइएको छ । वडाअध्यक्ष दाहालले स्थानीय सरकार सामुदायिक विद्यालयको स्तरउन्नतिका लागि निरन्तर लागिरहने बताए ।

# अतिक्रमित जग्गा १५ दिनभित्र खालीगर्दै निकुञ्ज



साझाकुरा संवाददाता

हेटौंडा, १५ बैशाख/ चितवन राष्ट्रिय निकुञ्जले निकुञ्ज क्षेत्र आसपासको अतिक्रमित सार्वजनिक जग्गा खाली गर्न १५ दिने सूचना जारी गरेको छ ।

निकुञ्ज कार्यालयले मध्यवर्ती वनक्षेत्र, मध्यवर्ती सामुदायिक वन, कबुलियती वन, मध्यवर्ती क्षेत्रभित्र पर्ने सडक, खोला तथा नदी किनाराको वनक्षेत्रमा अनाधिकृतरुपमा अतिक्रमण गरेर बनेका संरचना १५ दिनभित्र हटाउन आग्रह गरेको हो । निकुञ्जले मंगलबार सूचना जारी गर्दै निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा पर्ने सार्वजनिक जग्गामा स्थायी एवम् अस्थायी प्रकृतिका छाप्रो, घरटहरा, पिकनिक स्पट, मचानलगायत संरचना हटाउन आग्रह गरेको छ । निकुञ्जले आफ्नो हक नपुग्ने कुनै भूभाग नियन्त्रण गर्न वा रुख काट्न, वन फाँड्न वा वनक्षेत्र आवाद गर्न नपाइने र त्यस्तो कुनै काम गरेमा कसुर गरेको मानिने कानुनी व्यवस्था मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम १७ (क) मा व्यवस्था रहेका उल्लेख गर्दै निकुञ्जले अतिक्रमण गरी बनाइएका यस्ता संरचना हटाउन भनेको हो ।

तोकिएको समय सीमाभित्र खाली नगरी अटेर गरेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ को उपदफा ६ बमोजिम बिगो कायम भएमा बिगोको दोब्बर जरिवाना र एकवर्षसम्म कैद र विगो कायम नभएको कसुरमा कसुरको मात्रा हेरी २० हजार रुपैंयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था निकुञ्जले सम्झाएको छ । निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा विभिन्न संघसंस्था तथा व्यक्तिले संरचना बनाएर उपभोग गर्दै आएका छन् । विगतमा निकुञ्जले पटकपटक हटाउने प्रयास गरेपनि हटाउन सकेको थिएन ।

### आठौं राष्ट्रिय बागमती गोल्डकपको खेलतालिका सार्वजनिकः

# उद्घाटनमा आयोजक र बागमती युथ भिड्ने




साझाकुरा संवाददाता

हेटौंडा, १५ बैशाख/ बैशाख १७ गतेदेखि मकवानपुरको बागमती गाउँपालिकामा सञ्चालन हुने आठौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको खेलतालिका सार्वजनिक भएको छ ।

मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै आयोजकले प्रतियोगिताको खेलतालिका सार्वजनिक गरेको हो । प्रतियोगिताको उद्घाटन खेलमा आयोजक बागमती खेलकुद विकास समिति र सर्लाहीको बागमती युथ क्लब भिड्ने भएको छ । खेल बिहीवार दिउँसो साढे ३ बजे बागमती-४ स्थित सहिदस्मृति रंगशालामा हुनेछ । यस्तै १८ गते त्रिभुवन आर्मी क्लब काठमाडौं र बाराको नवजनजागृति क्लब, १९ गते विभागीय सशस्त्र प्रहरी बलको एपीएफ र चित्लाङ एफसी, काठमाडौं, २० गते बाई पाएका ललितपुरको चर्चब्वाइजले आयोजक र बागमती युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

यस्तै २१ गते ललितपुरको फ्रेन्ड्स क्लब र प्लानिङ ब्वाइज युनाइटेड, २२ गते बाई पाएका मछिन्द्र क्लब, काठमाडौंले एपीएफ र चित्लाङबीचको विजेतासँग खेल्नेछ । प्रतियोगिताको सेमिफाइनल खेल २३ गते र २४ गते हुनेछ भने फाइनल खेल बैशाख २६ गते हुनेछ । प्रतियोगितामा आयोजकसहित १० टिम सहभागी हुनेछन् । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख रुपैयाँ पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ, विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ र प्रत्येक खेलको म्यान अफ द म्याच हुने खेलाडीले १०-१० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

पत्रकार सम्मेलनमा बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, प्रमुख प्रशासकीयअधिकृत ओमबहादुर दर्जी, बागमती-३ का वडाध्यक्ष कमानसिं पाखिन, एन्फा मकवानपुरका वरिष्ठ उपाध्यक्ष अरुण बल र बागमती खेलकुद विकास समिति उपाध्यक्ष मुक्ति लामा लगायतको उपस्थिति रहेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# चुस्त, छरितो, मितब्ययी प्रदेश बनाउ

बागमती प्रदेशसभाको प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले प्रदेश स्थापनाकै अवस्थामा प्रस्तावित र अभ्यास गरिएका ७ वटा मन्त्रालय राख्न सुझाव दिएको छ । प्रदेश सरकारद्वारा अघि बढाइएको प्रशासनिक पुनर्संरचना प्रतिवेदनमाथि सुझाव दिँदै नेकपाले प्रदेश सरकारलाई शक्तिशाली बनाउन र आर्थिक व्ययभार कमगर्न ७ वटा मन्त्रालय नै उपयुक्त हुने सुझाव दिएको हो । बागमतीको प्रमुख प्रतिपक्षी दल नेकपाले प्रदेश सरकारको प्रशासनिक पुनर्संरचना प्रतिवेदनमाथि दिएको सुझाव केवल मन्त्रालय संख्या घटाउने औपचारिक प्रस्ताव मात्र होइन, प्रदेश शासनलाई कार्यक्षम, उत्तरदायी र जनमुखी बनाउने गम्भीर राजनीतिक हस्तक्षेपकारुपमा लिनुपर्छ । प्रदेश स्थापना भएदेखि नै अभ्यासमा रहेका सात मन्त्रालय कायम राख्नुपर्ने नेकपाको धारणा अहिलेको आर्थिक अवस्था, प्रशासनिक क्षमता र संघीयताको व्यवहारिक अभ्यासका सन्दर्भमा सान्दर्भिक देखिन्छ । संघीय प्रणाली लागू भएको एकदशक बित्नलाग्दा पनि प्रदेश सरकार अपेक्षितरुपमा प्रभावकारी बन्न नसकेको आलोचना हुँदै आएको छ । यसको एउटा प्रमुख कारण अनावश्यकरुपमा मन्त्रालय र संरचना विस्तार गर्नु, जसले प्रशासनिक खर्च बढाउनुका साथै जिम्मेवारी दोहोरिनु र निर्णय प्रक्रियामा जटिलता थप्नु हो ।

यस्तो अवस्थामा नेकपाले सात मन्त्रालयमै सीमित रहनुपर्ने सुझाव दिनु आर्थिक मितव्ययिता र शासनको सरलताको पक्षमा गरिएको व्यावहारिक प्रस्ताव हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई नीतिगत नेतृत्व र समन्वयको केन्द्रकारुपमा सुदृढ बनाउने, आन्तरिक मामिला तथा कानून मन्त्रालयमार्फत् शान्ति-सुरक्षा र कानूनी शासन मजबुत पार्ने, भौतिक पूर्वाधार विकासलाई योजनाबद्ध र दीर्घकालीन दृष्टिले अघि बढाउने जस्ता सुझावले मन्त्रालयको संख्या भन्दा पनि तिनको भूमिकामा स्पष्टता आवश्यक रहेको सन्देश दिन्छन् । आर्थिक मामिला तथा योजना मन्त्रालयलाई वित्तीय अनुशासन र विकास योजनाको मेरुदण्ड बनाउने, सामाजिक विकास मन्त्रालयमार्फत शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षालाई समेट्ने सोच पनि समग्र विकासका लागि उपयुक्त देखिन्छ । कृषि तथा सहकारी र उद्योग-संस्कृति-पर्यटन-वन तथा वातावरण मन्त्रालयलाई एउटै छातामुनि राख्ने प्रस्तावले उत्पादन, रोजगारी र दिगो विकासबीचको अन्तरसम्बन्धलाई बुझ्ने प्रयास गरेको देखिन्छ । प्रदेशको अर्थतन्त्र सुदृढ बनाउन कृषि, उद्योग र पर्यटनलाई अलग-अलग होइन, समन्वितरुपमा अघि बढाउनुपर्ने आवश्यकता आजको यथार्थ हो । यसले नीति निर्माण र कार्यान्वयनमा दोहोरोपन हटाउने र परिणाममुखी शासनलाई सहयोग पुऱ्याउन सक्छ । नेकपाले विशेष जोड दिएको अर्को महत्वपूर्ण पक्ष भनेको मन्त्रालयबीचको कार्यक्षेत्र स्पष्टरुपमा निर्धारण गर्नु हो । संघीयताको अभ्यासमा देखिएको साझा समस्या नै अधिकार र जिम्मेवारीको अस्पष्टता हो । मन्त्रालयबीच काम दोहोरिनु, एउटै विषयमा फरक-फरक निर्णय हुनु र जिम्मेवारी पन्छाउने प्रवृत्तिले प्रदेश सरकारको विश्वसनीयता कमजोर बनाएको छ । यसलाई सुधार नगरी मन्त्रालय संख्या घटाउनु मात्र पर्याप्त हुँदैन भन्ने सन्देश नेकपाको सुझावमा निहित छ ।

प्रदेश प्रहरी समायोजन प्रक्रिया अझै अपूरो रहनु र शान्ति-सुरक्षा व्यवस्थापन प्रभावकारी नहुनु पनि गम्भीर विषय हो । संविधानले प्रदेशलाई दिएको अधिकार कार्यान्वयन गर्न सक्षम सुरक्षा संरचना अपरिहार्य छ । स्पष्ट नीति, कानूनी आधार र प्रशासनिक तयारीबिना प्रदेश सरकार केवल नामको सरकार बन्ने खतरा छ । सुरक्षा संरचना सुदृढ बनाउने नेकपाको सुझाव संघीयताको आत्मासँग जोडिएको विषय हो । नेकपाको सुझावलाई सत्ता-प्रतिपक्षको औपचारिक राजनीतिक दस्तावेजकारुपमा मात्र होइन, प्रदेश शासन सुधारको अवसरकारुपमा लिनु आवश्यक छ । सरकारसँग बहुमत हुनुमात्र सफल शासनको मापदण्ड होइनह सीमित स्रोतको सही उपयोग, स्पष्ट संरचना र जनताको विश्वास जित्न सक्ने कार्यसम्पादन नै संघीयताको सार हो । यदि बागमती प्रदेश सरकारले यी सुझावलाई गम्भीरतापूर्वक आत्मसात् गऱ्यो भने, प्रदेश शासनप्रति बढ्दो निराशा कम गर्न र संघीय प्रणालीप्रति जनविश्वास मजबुत बनाउन महत्वपूर्ण योगदान पुग्नेछ । नागरिकमा सेवाप्रवाह गर्ने भन्दा पनि कार्यकर्ता थन्क्याउने कार्यमा दलहरुको ध्यान केन्द्रित भइरहेको अवस्था अन्त्य गर्न र पछिल्ला दिनमा देखिएको राजनीतिक वितृष्णालाई सम्बोधन गर्न नागरिकतहको सुझाव रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख १७ गते बिहीबार ३० अप्रिल २०२६ । चतुर्दशी, वैशाख शुक्लपक्ष । बछलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:२८ सूर्यास्त ६:३६ । नृसिंह जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : भूमिबाट लाभ लिने समय छ | **तुला** | : लेनदेनमा विवाद हुनेछ |
| **वृष** | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | **वृश्चिक** | : धार्मिक कार्यले फाइदा हुनेछ |
| **मिथुन** | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | **धनु** | : मन खिन्न बनाउन सक्छ |
| **कर्कट** | : काममा परिवारकोसहयोग मिल्नेछ | **मकर** | : दिन उत्साहपूर्ण बन्नेछ |
| **सिंह** | : स्वास्थ्यमा कमजोरी हुनेछ | **कुम्भ** | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| **कन्या** | : उपचारमा खर्च हुनेछ | **मीन** | : व्यावसायिक यात्राकोसम्भावना छ |

# विद्यार्थी संगठनमाथि हस्तक्षेप: सरकारको प्रत्युत्पादक कदम



✍कोमल भट्टराई

गुरुलाई धम्क्याउने मात्र नभई रड र खुकुरी हानेर मऱ्यो भनेर नालीमा फाल्नेको विद्यार्थी संगठन, प्रश्नपत्र कडा भयो भनेर पुस्तकालय जलाउनेहरूको संगठन, सीटीईभीटी/प्राविधिक कलेजमा भर्ना गराएर र कम असुल्नेहरूको संगठन, दरबारमार्ग/ठमेलमा हप्तावारी असुल्नेहरूको विद्यार्थी संगठन । यस्ता संगठनहरूलाई बन्देज नगरेर के पुलपुल्याएर राख्ने ? धेरैले भनिरहेका छन्- ठीक गऱ्यौ सरकार ।

**के बालेन सरकारले ठीक गरेकै हो ?**

यो लेखिरहँदा म ४७ वर्षअघि 'विद्यार्थी युनियन खोल्न देऊ'को नारा लगाउँदै सडकमा निस्केको सम्झँदैछु । 'विद्यार्थी युनियन' कसरी प्राप्त भयो ? यसको पूराका पूरा समयसारिणी मैले बिर्सेको छैन । यहाँ यति भन्छु- 'विद्यार्थी युनियन' को माग राखेर जुलुसमा निस्केको हाम्रो पुस्ताले नै पञ्चायती कालरात्रिको युगमा कलेजभित्र 'स्वतन्त्र विद्यार्थी युनियन' र राजनीतिमा 'राष्ट्रिय विद्यार्थी युनियन' खोल्नेसम्म अधिकार प्राप्त गरेको थियो । समयक्रममा यही राष्ट्रिय विद्यार्थी युनियनले नेपाली राजनीतिमा ल्याउन महत्वपूर्ण योगदान गरेको हो । त्यो स्पष्ट तथा उज्यालो छ र आजका दिनमा समेत गर्वका साथ महिमा गाउन सकिन्छ । तर इतिहास सुमसुम्याएर नहुने रहेछ । हिजो हामीले युनियनको माग गरेका थियौं भनेर नहुने रहेछ । हामीले हेर्दाहेर्दै मूलधारसँग नजिक भनिने विद्यार्थी संगठनहरू करीब करीब हामीले लखेटेका 'मण्डले' संगठन जस्ता भइसकेका थिए । तिनको नेतृत्व विद्यार्थीका थिएनन्, ती पार्टीका पनि थिएनन्- ती नेताका लठैत जस्ता भए ।

ती कलेजभित्र विद्यार्थीको कर्ममा र हेनन् र जनतासँग विनम्र भएनन् । संगठनको नेतृत्व नै राजनीति र वैचारिकीप्रति कुनै प्रतिबद्धता नभएका निष्ठाहीन र नैतिक-आचार हीन झुण्ड भइसकेको देखिन्थ्यो । संगठनको कार्यजिम्मेवारी लिन 'आकर्षक क्षेत्र'का लागि ग्याङ फाइट भएको सुनिन्थ्यो । चन्दा असुलीका कारण मध्यमस्तरीय उद्यमीहरू र प्राइभेट स्कूल तथा प्राविधिक कलेजहरू, विभिन्न धन्दाका कारण सज्जन प्रहरी अधिकृतहरू र बौद्धिक/शैक्षिक जगत सबै विद्यार्थी-नेतृत्वबाट आजित भइसकेका थिए । विद्यार्थी नेतृत्वप्रति तिनकै माउ पार्टीका प्रदेश तथा जिल्ला संगठनहरू समेत क्रुद्ध थिए । तिनीहरू पार्टीको विस्तार र राजनीतिमा सहयोगी भन्दा भार बनिरहेका थिए ।

यसरी विद्यार्थी संगठनको नाममा शैक्षिक क्षेत्रभित्र र बाहिर भइरहेका कुकार्य र अपराधका विरुद्ध अघिल्ला सरकारहरूले नै सख्त कारबाही र प्रभावकारी नियन्त्रण गर्नु जरूरी थियो । जुन काम बालेन सरकारले गर्न चाहेको देखियो । यस हिसाबले बालेन सरकारको प्रयास ठीकै हो जस्तो लाग्छ । त्यसैले बालेन सरकारको आवश्यक भन्दा ठूलो मार देख्दादेख्दै पनि शहर चुपचाप छ, विभिन्न नामधारी विश्वविद्यालयका उपकुलपतिहरूले शैक्षिक जगतको स्वायत्तता माथिको आक्रमणलाई दस्तखतसहित समर्थन गरेका छन्, विद्यार्थी संगठनहरू दिउँसो विरोध गर्न नसकेर साँझ मास्क लाएर छड्के जुलुसमा कुदिरहेका छन् । तर यस्तो दृश्यलाई बालेन सरकारले आफ्नो प्रयासको समर्थन र जित ठानेको हुनसक्छ, आम समुदायले विद्यार्थी संगठन र आन्दोलनको औचित्य समाप्त भएको बुझेका छन् । तर ती दुवै भ्रममा छन् । विद्यार्थी संगठन र आन्दोलनको औचित्य नवौं चिरञ्जीवी जत्तिकै राजनीतिभित्र सुषुप्तावस्थामा रहेको हुन्छ ।

**विद्यार्थी संगठन र आन्दोलनको औचित्य**

इतिहासमा संगठन बन्छन्, लोप हुन्छन् । नेपालमै पनि अखिल नेपाल विद्यार्थी फेडरेशन थियो । त्यसले आफ्नो समयमा शैक्षिक आन्दोलन गरेको थियोह राष्ट्रियताका पक्षमा, महङ्गी विरुद्धमा ठूला-ठूला आन्दोलन चलाएको थियो । तर आज त्यो संगठन नै छैन तर त्यसको लोपसँगै अरू आए अरूले विद्यार्थी आन्दोलन हाँके । संगठनलाई बन्देज गर्न सकिन्छ र कलेज हाता बाहिर खेद्न सकिएला तर आन्दोलन भने भुसको आगो जस्तै केही अवधि गुम्सिएर बस्छ । जब मुद्दाको फिलिङ्गो सुकेको मुढामा पुग्छ, तब तानाशाहका दरबारका दलिनलाई टिप्छ । यसबेला संगठनको जरुरत पर्दैन, असंगठित विद्यार्थी जत्थाले नै सिंहदरबार र सर्वोच्च अदालत जलाइदिन सक्छ ।

संगठनको नेतृत्व असल भयो भने विद्यार्थीलाई 'पहिला पढाइमा ध्यान देऊ' भन्छ, 'असल बन' भन्छ, 'उद्देश्यप्रति एकाग्रचित्त लगाऊ' भन्छ । यसले विद्यार्थीका आवश्यकताबारे सरोकार पक्षसँग अनुनय र मोलमोलाइ गर्छ । २०३५/३६ सालताका अनेरास्ववियू र नेविसंघ यसैमा दत्तचित्त थिए भनेर म दावा गर्न सक्छु । विद्यार्थी आन्दोलन कलेजभित्र सीमित हुँदैनन् । यसले कुनै पनि समयमा आफ्नो घेरा नाघ्छ, नाघ्छ । त्यसैले विद्यार्थी आन्दोलनहरू समयले करवट बदलिएसँगै शैक्षिकदेखि राजनैतिक मुद्दाहरूमा हुने गर्दछन् । यसले पेट्रोलको भाउ बढ्दा जुलुस निकाल्छ, निर्मला काण्डका हत्यारालाई गिर फ्तार गर भन्छ । यसले कहिलेकाहीं बङ्क गरेर क्रिकेट हेर्न या फुटबल खेल हेर्छ । माइतीघर को पिकेटिङ हेर्छ । यसलाई मनोरञ्जनका लागि आन्दोलन भने हुन्छ । शासकहरूले भने जसरी विद्यार्थी आफ्ना प्रत्यक्ष सरोकारका मुद्दाहरूमा मात्र सीमित रहँदैनन् । नेपालमै पनि अनेकौं विद्यार्थी आन्दोलनले अप्रत्यक्ष सरोकारलाई उछालेर शासकलाई सम्झौताको टेबलमा ल्याएका छन् ।

जस्तो कि जयतु संस्कृतम् छात्र आन्दोलन २००४ मूलत: शिक्षाको आधुनिकीकरणका लागि थियो तर यसको दमनसँगै २००७ को क्रान्तिका लागि पृष्ठभूमि र जनशक्ति तयार गरिदियो । २०३५/३६ को विद्यार्थी आन्दोलन 'युनियन खुला गर' भन्ने मागसहितको शैक्षिक माग हुँदै जनमत संग्रह हुने राजनैतिक कदमसम्म पुग्यो । पाकिस्तानका जुल्फीकर अलि भुट्टोको फाँसी विरुद्धको प्रदर्शनले नेपालका राजाको सिंहासनमा पहिलो मार हान्यो । यसरी नै संगठनको असल नेतृत्वले असल विद्यार्थी उदाहरण बन्ने प्रयास गर्छ । यस्तो नेतृत्व गुण्डागर्दी, हत्या र बलात्कारको विरोधमा उत्रन्छ । यसरी उत्रन नैतिक नेतृत्व हुनुपर्छ । यसले नै आम विद्यार्थीलाई नैतिक आन्दोलनमा सहभागी बनाइरहेको हुन्छ ।

विद्यार्थी संगठनको नेतृत्व समाजकै उत्पादन हो- जस्तो राजनैतिक नेतृत्व हुन्छ त्यस्तै हुन्छ । होचि मिन्ह, गान्धी, माओ, बीपी, पुष्पलाल जस्ता सादगी र अध्ययनशील नेताहरूको अवधिमा विद्यार्थी नेतृत्व त्यस्तै हुन प्रयासरत थियो भने । आज आजकै जस्ता नेताहरूका प्रतिरूप विद्यार्थी संगठनमा देखिन्छन् । त्यसै कारण विद्यार्थी नेतृत्व नेपालको नक्साको केक काट्नेदेखि डोजर लगाएर चमेलीको घरबार उठाउनेसम्मका हर्कतहरूमा ताली पड्काइरहेको हुन्छ । आन्दोलनका उद्देश्यहरू सहभागीका समूहहरू बीच भिन्न हुन्छन् । जेनजी प्रदर्शनकै उदाहरण लिउँ त । यस प्रदर्शनका अधिकांश कर्ता/खेलाडीहरू विद्यार्थी नै थिए । 'सामाजिक सञ्जालको बन्द' एक मुद्दा थियो तर असंगठित विद्यार्थीका सरोकारहरू भिन्न-भिन्न थिए- कसैले शैक्षिक मागको रूपमा बुझे भने कसैमा उपार्जनको प्लेटफर्म खोसिने भय थियो जुन आर्थिक माग थियो र कोही मनोरञ्जनका रूपमा बङ्क गर्दै आइपुगेका थिए । तर जेनजी प्रदर्शनलाई हाइज्याक गर्नेहरूले राजनैतिक मुद्दा बनाएर बडो उपद्रव र विध्वंस गरेर सरकारलाई खेदे ।

यी दृष्टान्तहरूलाई केलाउँदा नेपालको विद्यार्थी आन्दोलनले शैक्षिक सुधार, हक-अधिकारको प्राप्ति वा सामाजिक-राजनीतिक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ नै । यो कलेजभित्र जकडिएर मात्र र शैक्षिक मागहरूमा मात्र खुम्चिएर नरहेको पनि देखिन्छ । यसले शैक्षिकदेखि राजनैतिक मागहरू बोकेर हिंडेको छ । त्यसैले अब पनि विद्यार्थी आन्दोलन १. शैक्षिक, २. राजनैतिक, ३. आर्थिक र ४. नैतिकताका मुद्दाहरू लिएर समाजमा रहिर हन्छ । यी ४ मुद्दाहरू नै विद्यार्थी आन्दोलनको मुख्य क्षेत्र र दायरा हुन् । यस्ता आन्दोलनलाई अराजकतामा भट्किन र दायरा भन्दा पर पुग्न नदिन विद्यार्थी संगठन चाहिन्छ चाहिन्छ । त्यसलाई हाँक्ने युवावर्गको नेतृत्व समाजमा छ- रहन्छ ।

**विद्यार्थी आन्दोलन हाँक्ने हर्मोन र न्यूरोट्रान्समिटरहरू**

विद्यार्थी आन्दोलन १० देखि ३० वर्षका युवावर्गले हाँकेको हामी देख्न सक्छौं । राम्ररी नियाल्दा आम विद्यार्थी शैक्षिक हड्तालमा समेत सहभागी हुने गरेको पाइँदैन । त्यसैले विद्यार्थी आन्दोलनलाई नबुझ्नेहरूले यसलाई 'मुट्ठीभर विद्यार्थी'को भन्ने गर्दछन् ।

निश्चय नै 'मुट्ठीभर विद्यार्थी' सामेल हुन्छन् । तर जो सामेल हुने गर्छन् - तिनीहरू दु:साहस, जोस र बलले मदमत्त हुन्छन् । तिनीहरू बाउआमाबाट मात्र स्वतन्त्र हुन होइन समाजका किल्ला भत्काउँदै आफ्नो झण्डा गाड्न आइपुगेका हुन्छन् । तिनीहरूले यसैक्रममा समाजभित्र आफ्ना स्वत्व (सेल्फहुड/पहिचान) उत्खनन्, निर्माण र स्थापना गर्छन् । तिनीहरूलाई स्वत्व उत्खनन तथा निर्माण गर्न र स्थापित हुनलाई दुई तत्वहरूले निर्देश र नियन्त्रण गरिरहेका हुन्छन् । ती हुन्- व्यक्तिको जैविक तत्व र समाजको वर्गीय तत्व ।

**व्यक्तिको जैविक तत्व**

युवावर्ग घर र कलेजको कम्पाउन्डबाट बाहिर चियाउन नपाएको बेला नै त्यसले आफ्नो स्वत्वको उत्खनन या खोज गरिरहेका हुन्छन् । त्यहाँ साथीसङ्गीसँग वादविवाद गर्छन्, च्याट गर्लान् या त्यहाँका गतिविधिमा भाग लिन्छन् । सामाजिक हुने प्रक्रियामा ऱ्याप हान्लान्, त्यसमा चित्त नबुझाउलान्, विद्यार्थी आन्दोलनमा लाग्लान् या कुनै दलीय विद्यार्थी संगठनमा भाग लिन्छन् र समाजमा छुट्टै पहिचान स्थापना गर्न विद्यार्थी आन्दोलन हुँदै राष्ट्रिय राजनीतिमा आइपुग्छन् ।

यसरी स्वत्व खोज्दै आइपुग्न कुरकुरेदेखि बैंस अवधिमा अत्यधिक सक्रिय भएका जैविक क्रियाहरूले निर्देश र नियन्त्रण गरिरहेका हुन्छन् । जुन व्यक्तिको मस्तिष्क सहित प्रजनन अङ्गमा रहेका ग्रन्थीहरूका शारीरिक क्रियाबाट पैदा भइरहेका तत्वहरूले गर्ने गर्दछन् । डोपामिन न्यूरोट्रान्समिटरले स्वत्वको उत्खनन, नयाँ कार्य/विचारहरूतर्फ आकृष्ट गराउँछ, रोजाइ र क्षमता पनि बुझाउन थाल्छ । एड्रिनालिन न्यूरोट्रान्समिटरले तत्काल आइपरेका समस्यासँग लड्ने-भिड्ने आँट दिन्छ । क्रियारत प्रजनन अङ्गले टेस्टोस्टेरोन, पाचन प्रणालीबाट सेरोटोनिन जस्ता हर्मोनहरू र एड्रिनल ग्रन्थीबाट कर्टिसोल (स्टेर्वाइड) रसाउँछन् । यी सबैले समाजमा आफ्नो स्थानमा टिक्न र आफ्नो हैसियत (स्टाटस) निर्माण गर्न निरन्तर आँट दिइरहन्छन् ।

यी न्यूरोट्रान्समिटर र हर्मोनहरू सबै उमेरका महिला पुरुषमा उत्पन्न हुन्छन् तर बैंसमा अत्यधिक मात्रामा हुन्छन् । यही भएर युवावर्गका सदस्यहरू दुस्साहस, जोस र बलले मदमत्त हुन्छन् । तिनीहरू बाउआमाबाट मात्र स्वतन्त्र हुन होइन समाजका युवा वर्ग बीच खास स्थान प्राप्त गर्ने महत्वाकाङ्क्षामा आइपुगेका हुन्छन् । त्यसैले तिनीहरूसँग त्यसैअनुरुप व्यवहार गर्नुपर्छ । अनि बुझ्नुपर्छ- तिनीहरूको वेग रोक्न सक्ने कुनै अदालत, पुलिस र सरकारको तागत हुँदैन ।

**समाजको वर्गीय तत्व**

विद्यार्थी आन्दोलनको वर्गीय तत्वको चर्चा गर्न कुनै सन्दर्भसूची पेश गर्न सकिँदैन । यसरी नै यस आन्दोलनमा समाजका कुन वर्गका सहभागी बन्छन् र अगुवा को बन्छन् भन्ने आधिकारिक रूपमा दावा गर्न सकिँदैन । तर म करिब ५० वर्ष बीच कहिले सहभागी, कहिले अगुवा र कहिले दर्शक रहँदाको (अनुभवजन्य प्रमाण नभनी) प्रशोधित विचार या रेफ्लेक्सनबाट भन्न सक्छु- हरेक विद्यार्थी आन्दोलनको अगुवाइ उच्च मध्यम या मध्यम वर्गका युवावर्गले लिने गरेको देखिन्छ ।

ती राजधानी भन्दा बाहिरका र मुलुकका नगर तथा समाजबाट आएका देखिन्छन् । यसका लागि म २०३३-३५ सालभित्रको मेडिसिन क्याम्पसमा विद्यार्थी राजनीतिमा सक्रिय मित्रहरूको पृष्ठभूमि स्मरणमा ल्याउँदैछु । ती उच्च मध्यमका नभए पनि उनका दाजुबाउहरू राजनीतिमा लागेका मध्यम वर्गका थिए । जो अधिकांश अहिले नेपालको राजनीतिमा हावी छन् । २०३६ सालको विद्यार्थी आन्दोलनले स्वतन्त्र विद्यार्थी युनियन र राष्ट्रिय विद्यार्थी युनियन बनाउने छुट पाएपछि अगुवाहरू पेशेवार बन्न थालेको देखिन्छ । यसो हुनुको कारण नेपालका प्रतिबन्धित राजनैतिक पार्टीले यसैबाट राजनीतिक आन्दोलन चलाउने एक फोरमको रूपमा विकास गरेका थिए । त्यसको नेतृत्वमा पनि उच्च तथा मध्यम वर्गको बाहुल्य थियो ।

नेतृत्वको कार्यकाल बढाउन कुनै न कुनै उपायबाट कलेजमा आवद्ध हुने गरेका देखिन्थे । जस्तो कि एक विषयमा उत्तीर्ण भएपछि अर्को विषयमा भर्ना भएका हुन्थे । हाल पनि यस्तो प्रचलन रहेको सुनेको छु । अघिका आन्दोलनमा झैं यस अवधिका आन्दोलनमा पनि कानून, विज्ञान र प्राविधिक कलेजका विद्यार्थी अग्रिम पङ्तिमा देखिएका छन् । चाहे तिनीहरूको उच्च शिक्षा अन्य विषयमा भएको भने पनि कलेजमा प्रवेश यी विषयहरूबाट भएको देखिन्छ । तर यी विषय नभएका स्थानहरू या केही अपवादका रूपमा नेतृत्व सामाजिक विज्ञानको हुने नै भइहाल्यो । कानून, विज्ञान र प्राविधिक कलेजहरूमा उच्च मध्यम तथा मध्यम वर्गको सुगम पहुँच भएकाले यसो भएको हुन सक्छ ।

सामाजिक आर्थिक रूपले विपन्न वर्गका विद्यार्थी केही अपवादमा नेतृत्वमा देखिए पनि आम संख्या आन्दोलनमा दर्शकहरूका रूपमा सहभागी भएका देखिन्छन् । माथि प्रस्तुत मेरो प्रशोधित विचारलाई अनुभवजन्य प्रमाण जुटाउन जेनजी प्रदर्शन र यसका कर्ता/अगुवाहरूबारे अध्ययन गर्न सान्दर्भिक हुन सक्छ । जसरी ओली/आरजू सरकारले उच्च मध्यम/मध्यम वर्गको अगुवाइमा भएको जेनजीको वेग रोक्न सकेन । त्यसरी नै यो बालेन सरकारका लागि युवा विद्यार्थी आन्दोलनको अगुवाइ गरिरहेका संगठनहरूको क्षेत्र र दायरा रोक्न असम्भव छ ।

**किन असम्भव छ र प्रत्युत्पादक हुनेछ ?**

विद्यार्थी संगठनहरूको क्षेत्र र दायरा रोक्न बालेन सरकारले ऐन र नियमावली संशोधन गर्ने निर्णय नै गरेको छ । जुन यो एकमना सरकारले सक्छ । तर विचारको आधारमा संगठित हुने हरकोही नागरिकको अधिकार छिन्न नेपालको संविधान २०७२ ले रोक्छ । राष्ट्रसंघीय अनुबन्ध र घोषणाहरूले त बालेन सरकारलाई खुर्मुऱ्याउँछन् नै ।

विद्यार्थी जैविक क्रियाका कारण स्वत्व स्थापित गर्न समाज र संगठनहरूमा आइपुगेका हुन्छन् । तिनीहरूको गन्तव्य बालेन सरकारका फर्मान र लाठीहरूको प्रहारबाट रोकिंदैन । विद्यार्थी संगठनलाई कलेज हाताबाट बाहिर निकाल्नासाथ सडकमा आइपुग्छ त्यसलाई दमन गर्न प्रधानमन्त्रीले सुरक्षा निकायलाई आदेश नै दिइसकेका छन् । यो 'विद्यार्थी भिडन्तमा आऊ' भन्ने फरमान हो । यसले सडक र बस्तीमा अशान्ति र भय सिर्जना गर्नेछ ।

सडक र बस्तीमा अशान्ति र भय सिर्जना भएमा समाजमा हस्तक्षेप बढाउँदै गरेको मध्यमवर्ग समेत शुरुमा विद्यार्थीको पक्षमा देखा नपरे पनि केही समयपछि सरकारको विरोधमा उत्रनेछ । त्यसमाथि रुष्ट विद्यार्थी संगठनहरूले 'मर्ता, क्या नही कर्ता' भने जसरी उद्योगी/व्यवसायीमाथि बढाएको अनुसन्धानलाई क्रीडास्थल बनाउन सक्छन् । यहीबेला 'युवाहरूले रोजगारी आफैं सिर्जना गर्ने हो सरकारले सक्दैन' भनेको सुनिंदैछ । यसले बेरोजगारी युवकहरू विद्यार्थी आन्दोलनमा मिसिन सक्छन् । यी कुराहरू सरकारले हेक्कामा राख्नुपर्छ ।

**अब के गर्ने ?**

विद्यार्थी संगठनहरूले अपराधबोध गर्दै माफी माग्नुपर्छ र दलहरूले विद्यार्थी संगठनको नाममा गुन्डागर्दी, हप्ताअसुली र सार्वजनिक सम्पत्तिमा आगजनी गर्नेहरूप्रति शून्य सहनशीलता अपनाउने प्रतिबद्धता जनाउनुपर्छ ।

यसैगरी, सरकार विद्यार्थी संगठनप्रति गर्न लागेको हस्तक्षेपहरूबाट पछि हट्नु यस घडीमा मुलुकको हित हुन्छ । तर मेरो सुझाव सरकारप्रति मेरो पूर्वाग्रह ठानिन सक्छ । यसकारण वर्तमान सरकारका सदस्यहरूका सहयात्री रहेका वैकल्पिक राजनैतिक आन्दोलनका एक चर्चित अगुवा डम्बर खतिवडाको फेसबुकमा राखिएको सुझाव पस्कन्छु । जुन सरकारका लागि पूर्वाग्रहरहित सुझाव हुन सक्छ ।

भन्छन्- 'विद्यार्थी भ्रातृ संगठन बनाउने वा नबनाउने सरकारको निर्णयाधिकारको विषय हैन, दलको क्षेत्राधिकार हो । चाहनेले बनाउन्, नचाहने दलले नबनाउन् तर स्ववियू निर्वाचन व्यक्ति मतदाता र उम्मेदवार हुने प्रणालीमा होस् । निर्वाचित स्ववियूको राष्ट्रिय परिषद् होस् । त्यही नै साझा विद्यार्थी संगठन हो । बालेन सरकारले विद्यार्थी राजनीति नै प्रतिबन्ध गर्न खोजेको हो भने त्यो अलोकतान्त्रिक र फासीवादी कदम हो- सख्त विरोध हुनुपर्छ । पहिलो कुरा- सरकारले गर्न के खोजेको हो- त्यो स्पष्ट गर... ।'

*(साभार: अनलाइनखबर)*

# नेपाली वामपन्थी आन्दोलनको संकट र पुनर्गठनको कार्यभार

✍प्रमेश पोखरेल

नेपाली वामपन्थी राजनीति आज जटिलता र चुनौतीको घेराभित्र उभिएको छ । सुदीर्घ गौरवशाली इतिहास बोकेको यो विचार र शक्ति स्वयं इतिहासको कठघरामा उभिन पुगेको छ । त्यसको बुझाइका लागि अहिले ०८३ सालको वस्तुगत परिस्थितिलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणबाट नियाल्नुपर्ने हुन्छ । कम्युनिस्ट आन्दोलनको वर्तमान अवस्था 'परिमाणात्मक ह्रास' मात्र हो या 'गुणात्मक विचलन' हो भन्नेमा केन्द्रित भएर मात्र यसको यथार्थपरक विश्लेषण हुन्छ । सामान्यत: पञ्चायतकालमा यो आन्दोलन वर्गीय थियो र त्यसले नेपाली समाजको अर्धसामन्ती वर्गीय ढाँचालाई भत्काएर ऐतिहासिक भूमिका खेलेको थियो । ०४६ पछि नेपाली माटोमा जनताको बहुदलीय जनवाद र जनयुद्धको वैचारिक प्रयोग भएको थियो र त्यसले आन्दोलनलाई जीवन दियो । ०६२/०६३ को परिवर्तनपछि त्यो राजनीतिक पुँजी क्रमश: संसदीय जोडघटाउ, सत्ताकेन्द्रित गतिविधि र स्वार्थीपूर्तिको अलमलमा विसर्जन गरियो । यसरी कम्युनिस्ट आन्दोलनले आफ्नो वर्गीय आधार र वैचारिक धार दुवै गुमाउन पुग्यो ।

वर्तमानको सबैभन्दा ठूलो चुनौती वैचारिक विचलन र दक्षिणपन्थी पपुलिज्मको बढ्दो प्रभाव हो । भर्खरको निर्वाचन तथ्याङ्कले वामपन्थी दलहरूको परम्परागत मताधार भत्किँदै गएको र नयाँ, बिचारहीन लोकरिझ्याइँ शक्तिहरूको उदय भएको देखाउँछ । एमाले र माओवादी जस्ता मुख्य धारका वामपन्थी दलहरूको नीति, कार्यक्रम र जीवनशैली पुँजीवादी दलहरूसँग मिल्दो भयो । विचार र कार्यसम्पादनको तालमेल टुट्यो । परिणामत: जनताले विकल्पको विकल्प खोज्न थाले । यो कुनै आकस्मिक परिघटना नभई वामपन्थीहरूले आफ्नो क्रान्तिकारी चरित्रलाई संसदीय भासमा विलय गराउँदाको परिणाम थियो । विशेष गरी राष्ट्रिय स्वाधीनताका मुद्दा (एमसीसी) र रणनीतिक सम्झौतालाई वामपन्थी शक्तिहरूले स्वीकार गर्नु आन्दोलनको इतिहासमा एउटा गम्भीर रणनीतिक गल्ती थियो । यसले कम्युनिस्टको साम्राज्यवाद विरोधी छवि मात्र ध्वस्त पारेन, बरु कार्यकर्ता र आम जनतामा नेतृत्वको राष्ट्रिय अडानप्रति गम्भीर अविश्वास पैदा गरिदियो ।

वामपन्थी राजनीतिको सन्तुलन बिग्रनुको दोस्रो महत्त्वपूर्ण पक्ष भनेको जेनजी अर्थात् नयाँ पुस्तासँगको गहिरिंदो खाडल हो । गत भाद्रको जनविद्रोहले प्रष्ट पारेको छ कि नेपालको बहुमत जनसंख्या रहेको नवयुवा पुस्ता पुरानो ढर्राको 'एनालग' नेतृत्व र अमूर्त क्रान्तिकारी जडसूत्रबाट सन्तुष्ट थिएन । श्रम बजारमा छिर्न लागेको युवालाई न त नेतृत्वको जेल जीवनसँग सरोकार थियो, न त युद्धका गाथाहरूसँग ।

उनीहरू त डिजिटल रूपान्तरण, रोजगारीको सुनिश्चितता र पारदर्शी सुशासन खोजिरहेका थिए । विश्वले डाकेको समृद्धि नेपालमा बोलाउन चाहन्थे । तर नेपाली वामपन्थी दलहरू पुरानै संरचना, कार्यशैली र नोकरशाही ढाँचामा जकडिएका थिए । युवा आवाज पूर्णत: दबाइएका र अंशत: प्रतिबन्धित थिए । परिणामस्वरुप, वामपन्थी क्याडर र नेतृत्वबिचको सम्बन्ध श्रद्धाबाट सन्देह र कमान्डबाट विचलनमा परिणत भएरै छाड्यो । पछिल्लो वामपन्थी आन्दोलनभित्र भयानक बुर्जुवाकरण देखियो । पार्टीका पूर्णकालीन कार्यकर्ता राजनीतिक प्रशिक्षण र जनसेवामा होइन बरु व्यक्तिगत लाभका काण्डमा जोडिन थाले । कमिसनतन्त्र, ठेक्कापट्टा र भ्रष्टाचारको जालोमा फसे । पालिका, वडा, उपभोक्ता समूह, सहकारी, पूर्वाधार निर्माण, सामग्री खरिद, ठेक्का जस्ता जनताले प्रत्यक्ष अनुभूत गर्ने क्षेत्रमा स्वार्थ बाझिने गरी मुछिए ।

क्रमश: पृष्ठ-३...

# २०औं एसियन गेम्समा केको आधारमा सहभागिता गराउने ? कति खेल पठाउने ?




काठमाडौं/एसियाको सबैभन्दा ठूलो खेलमेलाको रुपमा रहेको आइची नागोया २०औं एसियन गेम्स २०२६ आउने सेप्टेम्बर-अक्टोरबमा जापानको आइची नागोयामा हुँदैछ । उक्त खेल मेलामा नेपालले पनि सहभागिताका लागि यसअघि नै ३२ खेलको नाम दर्ता गराइसकेको छ । त्यसमा चार सय माथिका खेलाडीको सूची (बाई नम्बर) पनि बुझाइएको छ ।

तर एसियाकै ठूलो खेल मेला, एसियाका बेस्ट अफ दि बेस्टसँग प्रतिस्पर्धा गर्नुपर्ने र हामीले अहिलेसम्म कहिल्यै नजितेको स्वर्ण पदकको महत्वाकांक्षी योजना बनाएर नेपाली शैलीमा तयारी गरिरहेको नेपालबाट कति खेल सहभागी गराउने, कति खेलाडी पठाउने र केको आधारमा नेपाली खेल र खेलाडी सहभागी गराउने भन्ने अहिले ठूलो कौतुहलता र चासोको विषय बनेको छ ।

नेपालबाट कति खेलमा कति खेलाडीले सहभागिता जनाउन भन्ने निर्णय पछि नै होला । तर नेपालको विगतको प्रदर्शन, नतिजा र उपलब्धि अनि यसपटक नेपालको तयारी अवस्था हेर्दा कति खेलमा कति खेलाडी सहभागी गराउनु उपयुक्त हुनेछ भन्ने बहसको विषय भने पक्कै हो ।

एकातिर १९औं एसियन गेम्सपछि नै २०औं एसियन गेम्समा स्वर्णसहित दोहोरो संख्यामा पदक जित्ने लक्ष्यसहित राष्ट्रिय खेलकुद परिषद (राखेप)ले २०८० साल माघ देखि सुरु गरेको मिसन २०२६ को तयारी छ । अर्कोतिर नेपाल ओलम्पिक कमिटी र सरकारबीच कसले खेल र खेलाडी संख्या तोक्ने भन्ने एक खालको अन्योलको स्थिति पनि रह्यो ।

यस्तै एसियन गेम्समा सहभागी हुनका लागि सरकारले कति बजेट छुट्याउँछ त्यो अर्को महत्वपूर्ण विषय छ । एकै खेलका दुई संघको विवाद, भित्रको आन्तरिक विवाद त नेपाली खेलकुदमा नौलो विषय भएन ।

अनि सबैभन्दा महत्वपूर्ण प्रश्न त नेपालले एसियन गेम्समा प्रतिस्पर्धा गर्न लायक कति खेलाडी तयार गरेको छ अनि के नेपाली खेलाडीहरु साँच्चै पदक(स्वर्ण, रजत र कांस्य) जित्न सक्षम छन् ?

अन्तर्राष्ट्रिय खेलकुद वैज्ञानिक ढंगमा निरन्तर अघि बढिरहेको अवस्थामा नेपाली खेलकुद भने पुरानै शैलीको प्रशिक्षण र तयारीले एसियन गेम्समा पदक जित्न कति चुनौती हुनेछ त्यस बारे त्यति चर्चा भएकै छैन ।

अझ नयाँ-नयाँ उत्कृष्ट प्रतिभा जन्माउने, भइरहेको खेलाडीको प्रदर्शन अझ राम्रो बनाउने, नेपालभित्र उपलब्ध भएका उत्कृष्टमध्ये उत्कृष्ट खेलाडी छान्ने प्ल्याटफर्मको रुपमा रहेको बृहत राष्ट्रिय खेलकुदको दशौं संस्करण त आयोजना हुनै सकेको छैन । नवौं राष्ट्रिय खेलकुदपछि नेपालले १९औं एसियन गेम्समा सहभागिता जनायो । त्यसपछि २०८१ साल मंसिरमै तय भएको दशौं राष्ट्रिय खेलकुद पटक-पटक मिति तोकेर पनि आयोजना हुन सकेको छैन । यसले नै नेपाली खेलको अवस्था, खेलकुदको प्राथमिकता कस्तो छ भनेर पुष्टि गर्छ ।

२०औं एसियन गेम्सका लागि अहिलेसम्म नेपालको तयारी हेर्दा मिसन २०२६ को नाममा भएको तयारी, कराते लगायत केही खेलको लगातार अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता र पदक अनि एसियन गेम्समा सहभागी हुन नेपाल ओलम्पिक कमिटी (एनओसी) बाट नेपाल खेलको सूची दर्ता हुनु नै हो ।

राखेपले स्वर्ण पदक सहित दोहोरो संख्यामा पदक जित्ने भन्दै करौडौं खर्च गरेर दुई वर्ष भन्दा बढी समय तयारी गरेपनि त्यसको ठोस परिणाम निस्कन सकेको छैन । यसबाहेक नेपालले २०औं एसियन गेम्सकै लागि भनेर अन्य राष्ट्रहरूले गर्ने स्पेशल ट्रेनिङ, वैदेशिक ट्रेनिङ जस्ता कामहरू त गरेकै छैन ।

त्यसैले अहिले सबैभन्दा मुख्य प्रश्न भनेकै माथि भने जस्तै २०औं एसियन गेम्समा नेपालबाट कति खेल सहभागी हुने र ती खेलमा कति खेलाडी पठाउने भन्ने नै हो ।

त्यसैले अहिलेसम्मको नेपालको तयारी, सरकारबाट पाउने बजेट, नेपालले पदक जित्ने र राम्रो प्रदर्शन गर्ने सम्भावना भएको खेल र विगतमा एसियन गेम्समा नेपालको सहभागिता र प्रदर्शनको विश्लेषण गर्दै नेपालले एसियन गेम्समा खेल र खेलाडी सहभागि गराउनु उचित देखिनेछ । त्यसैको बारेमा यहाँ चर्चा गर्न खोजिएको छ ।

कति खेल र खेलाडी सहभागी भन्ने विषयमा जानुअघि एसियन गेम्ससँग जोडिएका नेपालको केही विगतका तथ्यांकहरू हेरौं । २०औं एसियाली खेलकुदका लागि मिसन २०२६ मा विभिन्न १० खेल समावेश गरेर तयारी भइरहेको थियो । २०८० साल माघमा सुरु भएको यो मिसन २०२६ बिचमा केही रोकिँदै फेरि सुरु हुँदै यस वर्ष माघसम्म कायम रह्यो । तर नयाँ सरकार आउँदा पनि अहिले भने यसले गति लिन सकेको छैन ।

राखेपले मिसन २०२६ को विशेष प्रशिक्षणको नाममा विगत दुई वर्षमा भएको तयारीको कति प्रगति भयो खेलाडीमा कति सुधार आयो भन्ने विषयमा केही सार्वजनिक गरेको छैन । यसका लागि राष्ट्रिय टिम तयारी गठन गरेर अघि बढेपनि अपेक्षा अनुसार परिणाम देखिन सकेको छैन ।

अर्को सन् २०२३ मा चीनको हान्झाउमा भएको १९औं एसियन गेम्समा नेपालबाट अहिलेसम्मकै धेरै २९ खेलमा २५३ खेलाडी सहभागी थिए । तर उपलब्धि जम्मा दुई पदक- करातेबाट एरिका गुरुङको रजत र महिला कबड्डीमा कांस्य । त्यसमा महिला भलिबल, महिला फुटबल, महिला ह्यान्डबल, पुरुष रग्बी जस्ता मास खेलले पहिलो पटक एसियन गेम्समा सहभागिता जनाउँदा नेपालको संख्या बढेको थियो ।

सन् २००६ यताको पछिल्लो पाँच एसियन गेम्समा नेपालको पदकको संख्या हेर्ने हो भने जम्मा ८ मात्र छ । त्यसमा पदक जित्ने खेल जम्मा ५ (कराते, कबड्डी, प्याराग्लाइडिङ, बक्सिङ र तेक्वान्दो) मात्र छ ।

राज्यको करोडौं खर्च गरेर तयारी गर्ने एसियन गेम्समा जम्बो टोली लिएर सहभागि हुने अनि उपलब्धि मात्र १-२ पदकमा सीमित हुने । विगतको यो अभ्यास हेर्दा पनि नेपालको स्थिति कस्तो छ भनेर प्रष्ट पार्छ । हामी त्यो स्थितिबाट सुने त परको कुरा त्यही अवस्थामा रहन पनि कठिन भइसकेको छ ।

एसियन गेम्समा सहभागी हुन यसअघि कुनै छनोट खेल्नु नपर्ने, बजेटले भ्यासम्मका खेलाडी सहभागि गराउन पाउने र नेपालका लागि धेरै खेलाडीहरूलाई अन्तर्राष्ट्रिय सहभागिताको अवसर प्रदान हुने भएकोले पनि धेरै खेल सहभागी हुँदै आएका थिए ।

तर जापानमा हुने २०औं एसियन गेम्समा यस पटक केही फरक प्रावधान रहेको छ । समूह खेल देखि व्यक्तिगत खेलसम्म प्राय क्वालिफायर खेल्नुपर्ने वा वरियतामा रहनुपर्ने प्रावधान छ । जसले गर्दा यसपटक नेपालबाट समूह खेल र व्यक्तिगत खेल गरेर धेरै खेललाई सहभागि हुनै चुनौती हुने अवस्था छ । किनभने नेपालले समूह खेलमध्ये केहीको छनोट नै खेल्ने भने केहीको वरियतामा पनि पछि छ । केही खेलको वरियताको आधारमा सहभागी हुने अपेक्षा छ ।

यस्तै व्यक्तिगत खेलहरू तर्फ पनि क्वालिफायर खेल्नुपर्ने खेलहरूमा नेपालको सहभागिता खासै देखिएको छैन । आयोजक जापानले यस पटक एसियन गेम्समा सहभागिताको लागि केही कडाइ गरेपछि नेपाल जस्तो देशको लागि धेरै खेलाडी सहभागी गराउने सम्भावना टरेको छ । तैपनि नेपालबाट एसियन गेम्समा आफ्नो खेल समावेश गराउन यहाँ प्रतिस्पर्धा नै छ ।

### सहभागिताको आधार कस्तो ?

त्यसो भए अब नेपालबाट कुन खेल कति सहभागि होलान् त ? मुल प्रश्नमा फर्कौं । यसमा विशेषगरी नेपालको पछिल्ला एसियन गेम्सहरुमा पदक जितेका खेल, पछिल्लो पटक पेरिस ओलम्पिकमा सहभागी भएका खेल, मिसन २०२६ मा तयारीमा रहेका खेल, पछिल्ला अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा उत्कृष्ट प्रदर्शन गर्ने खेलहरू र एनओसीले स्कलरसिप दिएका खेलका खेलाडीलाई आधार बनाएर एसियन गेम्समा सहभागी हुनु उचित देखिन्छ । यसलाई थप विश्लेषण गरौं ।

पछिल्ला पाँच एसियन गेम्समा पदक जित्ने खेल र खेलाडीहरुमा सन् २००६ मा तेक्वान्दोबाट दिपक विष्ट, मनिता शाही र आयशा शाक्य थिए । सन् २०१० मा बक्सिङका दिपक महर्जन, २०१४ मा करातेकी विमला तामाङ, २०१८ मा प्याराग्लाइडिङबाट रजत तथा पछिल्लो पटक २०२३ मा करातेकी एरिका गुरुङको ऐतिहासिक रजत र महिला कबड्डीको टिमको ऐतिहासिक कांस्य पदक थियो ।

यो आधारमा हेर्दा कराते, बक्सिङ, तेक्वान्दो र महिला कबड्डीको नाम अघि आउँछ ।

पछिल्लो पटक पेरिस ओलम्पिकममा नेपालबाट एथ्लेटिक्स (सन्तोषी चौधरी), पौडी (गौरिका सिंह र एलेक्स शाह), ब्याडमिन्टन (प्रिन्स दाहाल), टेबलटेनिस (श्यान्टु श्रेष्ठ) र जुडो (मनिता प्रधान श्रेष्ठ) सहभागी थिए । तर कसैको प्रदर्शन 'वाह' गर्न लायक थिएन ।

मिसन २०२६ मा समावेश खेलहरूमा माथि आइसकेको कराते, बक्सिङ, तेक्वान्दो, महिला कबड्डी, एथ्लेटिक्स र जुडो सहित कुस्ती, महिला भलिबल, उसु, गल्फ छन् । पछिल्लो समयमा मिसन २०२३ मा केही खेलहरू समावेश गर्ने प्रस्ताव गरिएको सुनिएपनि आधिकारिक रूपमा बाहिर आएको छैन ।

यसबाहेक पछिल्लो समयमा अन्तर्राष्ट्रिय स्तरमा नेपालको सहभागिता भइरहने खेल र उत्कृष्ट प्रदर्शन गर्दै पदक भित्र्याउने करातेकी एरिका गुरुङ हुन् । उनले करातेको विश्व च्याम्पियनसिप देखि कराते वान प्रिमियर लिगमा लगातार जस्तो ऐतिहासिक पकद जितिरहेकी छिन् । गत वर्ष उनले कराते वान प्रिमियर लिगमा २ रजत र १ कांस्य जितिन् ।

यस बाहेक अर्को एउटा खेल छ क्रिकेट । जसले लगातार दोस्रो र समग्रमा तेस्रो पटक टी-२० विश्वकप खेलिसकेको छ र यसअघि दुवै पटक एसियन गेम्समा पनि सहभागिता जनाइसकेको छ । एसियामा पाँच टेष्ट राष्ट्र बाहेक उत्कृष्ट एसोसिएट टोली, टी-२० विश्वकप पनि खेलेको आधारमा क्रिकेट पनि एसियन गेम्समा सहभागी हुने सम्भावित खेलमा पर्छ ।

यस्तै विश्वमै उदाउँदो खेलको रुपमा रहेको र नेपालमा पनि उत्कृष्ट खेलाडीहरु रहेको ईस्पोर्ट्समा पनि नेपालको राम्रो सम्भावना छ । २०२३ मा हान्झाउमा भएको १९औं एसियन गेम्समा नेपालबाट पब्जी लगायत केही विधामा नेपालले पदक नजितेपनि उत्कृष्ट प्रदर्शन गरेको थियो । यस पटक पनि नेपालको सम्भावना राम्रो छ । तर यो खेल अन्य नियमित खेल भन्दा फरक प्रकृति अनि फरक तरिकाले तयारी गर्नुपर्ने हुन्छ । त्यसमा पनि नेपालमा अहिले ईस्पोर्ट्सको लागि राखेपमा दर्ता रहेको ईस्पोर्ट्स एसोसिएसन नेपाल (इशान) र अर्को संस्था नेसा पनि सक्रिय छ । यस्तोमा नेसाले देशभित्र क्वालिफायर गराइरहेको छ भने एसियन गेम्समको लागि राखेपले इशानबाट लङ लिस्ट मागेको छ ।

माथिका यी अवस्थाहरू हेर्दा अहिले एसियन गेम्समा सहभागी गराउन सकिने मुख्य खेलहरू यिनै देखिन्छन् । त्यसमा करिब १४ खेल देखिएका छन् ।

त्यसमा पनि नियमित जस्तो अन्तर्राष्ट्रिय सहभागिता भइर हने खेल पछिल्लो पटक एसियन गेम्समा पदक जितेको दुई खेल कराते र महिला कबड्डी छन् । यस्तै उसुले पनि थाउलो विश्वकपमा पदक जितेको छ । भलिबल नेपालको राष्ट्रिय खेल र महिला भलिबलको पनि काभाको अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता र पदक जितेको छ ।

पुरुष क्रिकेट टिमले लगातार टी-२० विश्वकप खेलेको छ । यस्तै टेबल टेनिस, ब्याडमिन्टन, कुस्ती, एथ्लेटिक्स, पौडी खेलाडीहरुले पनि नियमित जसो अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेका छन् भने दक्षिण एसियाली स्तरमा केही पदकहरू पनि आएको छ ।

यस्तै नेपाल ओलम्पिक कमिटीले २०औं एसियन गेम्सकै लागि भनेर विभिन्न ४ खेलका पाँच खेलाडी (आर्चरीका तिलक पुन मगर, बक्सिङका चन्द्र बहादुर थापा, करातेकी एरिका गुरुङ र सानुमाया थिङ तथा उसुकी सुस्मिता तामाङ) लाई मासिक ५० हजारका दरले स्कलर सिप पनि प्रदान गरेको थियो । माथि चर्चा गरिएको खेलबाहेक यसमा आर्चरी पनि रहेको छ ।

माथि चर्चा गरिएका यी खेलबाहेक अन्य खेलको पनि अन्तर्राष्ट्रिय सहभागिताहरू भइरहेको छ । तर २०औं एसियन गेम्समा सहभागी हुन सक्ने सम्भावित खेलको केही आधार मात्र यहाँ प्रस्तुत गरिएको हो ।

अब यी खेलहरुलाई पनि अझै ब्रेक डाउन गरेर उत्कृष्ट प्रदर्शन गर्ने खेललाई मात्र २०औं एसियन गेम्समा सहभागी गराउन सकिनेछ । त्यसमा मास गेमतर्फ हेर्दा मुख्य तीन खेल महिला कबड्डी, पुरुष क्रिकेट र महिला भलिबलको सम्भावना धेरै छ ।

यस्तै व्यक्तिगततर्फ हेर्दा करातेको सबैभन्दा अघि छ । व्यक्तिगत खेलको संख्या जति भएपनि सम्बधित खेलमा सहभागी हुने खेलाडीको संख्या भने क्वालिफायर र वरियताको आधार हेर्दा न्युन हुन सक्छ । त्यसैले नेपालले २०औं एसियन गेम्समा सहभागि जनाउँदा पछिल्लो संस्करणमा सहभागिता र जितेको पदकको आधारमा, मास गेममा विश्वकप खेल्ने देखि अन्तर्राष्ट्रिय सहभागिता उपलब्धि, मिसन २०२६ मा रहेर प्रशिक्षण गरेका खेलाडी र नेपाल ओलम्पिक कमिटीले स्करलरसिप दिएर तयारी गरेका केही खेलका खेलाडीहरूमा आधारित रहेर खेलाडी छनोट गर्न सबैभन्दा उचित देखिनेछ ।

### कति खेल समावेश गर्दा ठिक होला ?

नेपाली खेलकुदको वर्तमान अवस्था, खेलकुदको कार्यकारी निकाय देखि खेल संघसम्म देखिरहने विवाद, सरकारले बजेटमा गर्ने कन्ज्युस्याइँ, नेपालको पुरानै शैलीको तयारी, नेपालको विगतको प्रदर्शन र अहिले जापानमा हुने एसियन गेम्सको सहभागिताको प्रवाधान हेर्दा नेपालबाट यस पटक विगतमा भन्दा कम खेल समावेश हुने धेरै सम्भावना छ ।

नेपालले पछिल्लो संस्करण जितेको पदक र प्रदर्शन, पछिल्लो पाँच संस्करण (दुई दशकमा नेपालको प्रदर्शन र पदक), नेपालको राष्ट्रिय खेल, मिसन २०२६ मा मा तयारी गरेको खेल र ओलम्पिकमा अनिवार्य सहभागी हुने खेलको हिसाबले करिब एक दर्जन वा त्यो भन्दा पनि कमको संख्यामा खेल मात्रै सहभागी गराउन लायक देखिन्छ ।

यसमा पनि नेपालले खेलेको अन्तर्राष्ट्रिय प्रतियोगिता र प्रदर्शन त्यसमा नेपालको वरियता, क्वालिफायर्स (यदि खेलेको भए) यसको प्रदर्शन पनि निर्णायक हुनेछ । यी सबै खेल पर्नै पर्छ वा यी खेलहरु मात्र सहभागि हुनुपर्छ अरु हुनुपर्दैन भन्ने भन्दा पनि नेपालले आफ्नो अवस्था हेरेर सहभागी गराउनु उचित हुन्छ ।

तर नेपाली खेलकुदको तयारी, अन्तर्राष्ट्रिय सहभागि र उपलब्धि, नेपाली खेलाडी सहभागि हुँदा लाग्ने ठूलो बजेट यी सबै कुरालाई मध्यनजर गर्दा नेपालले पदक जित्न सक्ने, राम्रो प्रदर्शन र पदकको सम्भावना भएको खेल र केही मास गेमलाई सहभागी गराउनु उपयुक्त देखिन्छ ।

यसमा अन्य खेलको क्वालिफायर्स र वरियतामा उच्च रहेमा सहभागी हुने सम्भावना छ । यदि नेपालले पदक जित्ने लक्ष्य राखेको खेलहरुमात्र समावेश गराउने भने निकै थोरै खेल मात्र पर्न सक्छ । माथि चर्चा गरिएकामध्ये पनि क्वालिफायर र वरियता अनुसारको प्रावधान फलो गर्दा सबै खेल २०औं एसियन गेम्समा सहभागि हुनका लागि योग्य नहुन सक्छन् । त्यसैले नेपालले निश्चित क्राइटेरिया तोकेर पनि खेलहरु (समूह खेल र व्यक्तिगत खेल) तोक्दा त्यो नै सबैभन्दा उपयुक्त विकल्प देखिनेछ ।

यसैबीच २०औं एसियन गेम्समा खेल र खेलाडीको सहभागिताबारे राष्ट्रिय खेलकुद परिषद कार्यकारी समितिको मंगलबार बैठक बसेको थियो । त्यसमा विभिन्न खेलको लङ लिस्टमा आएका खेलाडी संख्याको बारेमा छलफल भयो । जसमा यसअघि दर्ता भएका ३२ खेलमध्ये २६ खेलको लङ लिस्टको विषयमा छलफल भएको थियो ।

यस्तै २०औं एसियन गेम्स तयारी र नेपालको सहभागिता देखि खेलाडी लङ लिस्टको विषयमा राखेप सदस्य सचिव राम चरित्र मेहतासहित युवा तथा खेलकुद मन्त्रालयका मुख्य सल्लाहकार सिद्धी व्यन्जनकार र राजु सिंह नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, कोषाध्यक्ष र कार्यालय सचिवबीच मंगलबारै छलफल भएको थियो । यसले एसियन गेम्सको विषयमा राखेप र नेपाल ओलम्पिक कमिटीबीच छलफलको औपचारिक सुरुवात पनि भएको छ । बुधबार सम्ममा नेपालबाट एसियन गेम्समा सहभागी हुने खेल र खेलाडीको संख्या टुंगो लाग्ने अपेक्षा गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# मकवानपुरको तीनवटा गाउँपालिकामा करदाता सेवा



साझाकुरा संवाददाता

हेटौंडा, १५ बैशाख/ मकवानपुरका तीनवटा गाउँपालिकामा करदाता सेवा सुरु गरिएको छ । बकैया गाउँपालिका करदाता सेवा सुरु गरिएसँगै मकवानपुरमा करदाता सेवा प्रदान गर्ने स्थानीय तहको संख्या तीन पुगेको हो ।

यसअघि मनहरी र बागमती गाउँपालिकाले यस्तो सेवा सुरु गरेका थिए । गाउँपालिकामा व्यक्तिगत तथा व्यावसायिक स्थायीलेखा नम्बर (प्यान) जारी तथा अन्य कर दातासेवा सुरु गरिएको गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले जानकारी दिएका छन् । यसअवसरमा छ जनालाई प्यान कार्ड वितरण गरिएको थियो । आन्तरिक राजस्व कार्यालय हेटौंडा र ती पालिकाबीच यसअघि करदाता सेवा सुरुगर्ने गरी समझदारीपत्रमा हस्ताक्षर गरिएको थियो । संघीय सरकारले गत कात्तिक १७ गते स्थानीय तहबाट करदाता सेवाप्रदान गर्न सुरुगर्ने निर्णयअनुसार मकवानपुरमा स्थानीय तहमार्फत सेवा सुरु गरिएको हो ।

सेवा सुरु भएसँगै अब गाउँपालिकाबाटै व्यक्तिगत र व्यावसायिक स्थायीलेखा (प्यान) नम्बर जारी हुनेछ । व्यावसायिक तथा व्यक्तिगत स्थायीलेखा नम्बरमा रुपान्तरणसम्बन्धी कार्य पनि हुनेछ । यस्तै आयकर दर्ता तथा स्थायीलेखा नम्बर दर्तासँग सम्बन्धित संशोधित कार्य पनि गाउँपालिका कार्यालयबाटै हुने जनाइएको छ । करदाता सेवा प्रदान गर्न सेवा सुरु गरेका गाउँपालिकाको तीनजना कर्मचारीलाई आन्तरिक राजस्व कार्यालय हेटौंडाले तालिम प्रदान गरी आवश्यक उपकरणको व्यवस्थापन गरेको छ । गाउँपालिकाबाटै सेवा सुरु भएसँगै करदातालाई समयको बचत हुनुका साथै छिटोछरितो सेवा प्राप्त हुने गाउँपालिका अध्यक्ष लामिछाने विश्वास व्यक्त गरे ।

आन्तरिक राजस्व कार्यालय, हेटौंडाले थप स्थानीय तहमा कर दाता सेवा सुरु गर्न सम्झौताका लागि राक्सिराङ गाउँपालिका र ईन्द्रसरोवर गाउँपालिकामा प्रक्रिया अगाडि बढाएको जनाएको छ ।

# नेपाली वामपन्थी आन्दोलनको...

वामपन्थी समाजवादी सुधारको एउटा पनि मौलिक नमुना पालिका तहमा प्रस्तुत गर्न सकेनन् ।

मार्क्सवादको सृजनशील कार्यान्वयन ओझेलमा पर्‍यो । उदारीकरण, बिचौलियातन्त्र, खुला प्रतिस्पर्धा जस्ता पुँजीवादी व्यवस्थाका पक्षपोषण बन्दै गए । वामपन्थीहरू केबल तिनैका सामान्य कर्ता मात्र बने । यो वैचारिक विचलन र परिणामगत शून्यताले गर्दा नै आजको नवपुस्ता वामपन्थी आन्दोलनबाट विमुख भएको हो । अझ विगत २० वर्ष र मूलत: समाजवाद उन्मुख संविधान जारी भएको परिस्थितिमा विचारलाई समयसापेक्ष अघि सार्न नसक्नु आन्दोलनलाई विचार विहीनतामा धकेल्नु नै थियो ।

नेपाली वामपन्थी राजनीतिलाई आर्थिक दृष्टिकोणबाट पनि हेर्नुपर्ने हुन्छ । खासमा मार्क्सवादी विचार अर्थव्यवस्थामा आधारित हुन्छ र उत्पादन सम्बन्ध तथा व्यवस्थामा परिवर्तनले नयाँ विचार जन्माउँछ । तर गणतन्त्रको स्थापना र नेपाली समाजको पुजीवादीकरण पछि पनि कम्युनिस्टहरूले यो विषयमा ध्यान दिएनन् ।

वामपन्थी सरकारहरूले रेमिट्यान्स अर्थतन्त्रको संरचनात्मक जाललाई तोड्न सकेनन् । कुल गार्हस्थ्य उत्पादनमा कृषि र औद्योगिक क्षेत्रको योगदान खुम्चिँदै गयो ।

उपभोगमुखी, आयातित र परनिर्भर अर्थतन्त्र फस्टाउँदै गयो । वामपन्थीहरूले परिकल्पना गरेको समाजवाद-उन्मुख मार्ग केवल नारामा मात्र सीमित रहन पुग्यो । उत्पादनका साधनहरूमाथि श्रमिक वर्गको पहुँच स्थापित गर्ने भन्दा पनि दलाल पुँजीवादसँगको सहकार्यले त्यो वर्ग थप सङ्कटमा पर्न थाल्यो । चरम बेरोजगारी, असमान र न्यून ज्याला, पेसागत असुरक्षा, श्रमशक्तिको अवमूल्यन अनि युवा पलायन चुलिँदै गयो ।

यसले कम्युनिस्टहरूको मूल आदर्श र नैतिक धरातल ध्वस्त हुने क्रमलाई बढाइदियो । शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवाहरूलाई दलाल पुँजीपतिको जिम्मा लगाइदा वैचारिक आधारशिला भत्काइदियो । निर्धन र श्रमिक वर्गले वामपन्थी सरकारको उपस्थिति महसुस गर्नै पाएनन् । श्रम र उत्पादनसँगको यो सम्बन्ध विच्छेद नै जनताको विश्वास टुट्नुको अर्को कारण बन्यो ।

आजको यस सङ्कटपूर्ण घडीमा पनि वामपन्थी पुनर्गठनको स्पष्ट मार्गचित्र आउन सकेको छैन । अब कर्मकाण्डी एकताबाट होइन बरु वैचारिक-सांस्कृतिक क्रान्तिबाट अघि बढ्नुपर्छ । रणनीतिक प्रस्थान विन्दु नै उत्पादनमुखी समाजवादको नयाँ मोडल हुनुपर्छ । यो केवल सरकारी अनुदान बाँड्ने काम होइन, बरु केरला वा ल्याटिन अमेरिकाका केही सफल प्रयोगहरू जस्तै पर्यावरणीय कृषि र खाद्य सम्प्रभुतामा आधारित सामुदायिक उत्पादन पद्धति हो ।

आवासविहीनलाई घर र वास्तविक किसानलाई उत्पादनका साधन र संसाधनमा पहुँच र नियन्त्रण सुनिश्चित गर्नु आजको मार्क्सवादी कार्यभार बन्नुपर्छ । वामपन्थीहरू सुकुम्वासी बस्ती, सहकारी र लघुवित्त पीडित तथा किसान र मजदुरमाझ हुनुपर्छ । खेतीयोग्य जमिनको संरक्षण र सहकारीमार्फत साना र मझौला उद्योगहरूको सञ्जाल तथा निर्माण गरी दलाल पुँजीवादी जरा काट्नु नै अबको वामपन्थी पुनरुत्थानको निर्विकल्प बाटो हो ।

सङ्गठनात्मक रूपमा कम्युनिस्ट पार्टीहरूले डिजिटल लेलिनवादको अवधारणालाई आत्मसात गर्दै आफ्ना संरचनाहरूलाई पारदर्शी र प्रविधिमैत्री बनाउनुपर्छ । पार्टीभित्रको लेभी प्रणालीदेखि निर्णय प्रक्रियासम्म 'ब्लकचेन' जस्ता प्रविधिको प्रयोग गरी आर्थिक पारदर्शिता कायम गर्नु र नेतृत्व चयनमा 'इन्टरनल प्राइमरी' निर्वाचन प्रणाली लागू गर्नु अनिवार्य छ ।

७० वर्षे उमेर हदको नीतिको कठोर पालना र कार्यनीति निर्माणमा युवा विशेषज्ञहरूको कम्तीमा ५० प्रतिशत प्रतिनिधित्व नभएसम्म नयाँ पुस्ताको विश्वास जित्न असम्भव छ । साथै, प्रत्येक वामपन्थी कार्यकर्ता अनिवार्य रूपमा कुनै न कुनै उत्पादनमूलक श्रम वा आय-आर्जनको काम तथा गैरनाफमूलक सहकारीमा जनतासँग जोडिनुपर्छ ।

नेपालको विशिष्ट भू-राजनीतिक संवेदनशीलतालाई बुझ्दै हिमालयन तटस्थताको परराष्ट्र नीति अघि सार्नुपर्छ । एमसीसी जस्ता परियोजनाले सिर्जना गरेको पराश्रित मानसिकता त्यागेर ग्लोबल साउथको आवाज बुलन्द पार्नुपर्छ । मस्कोदेखि नयाँ दिल्ली र बेइजिङसम्मको सम्बन्धलाई राष्ट्रिय स्वाधीनता र वर्गीय हितको कसीमा राखे मात्र नेपाली वामपन्थी आन्दोलनले आफ्नो गुमेको साख फिर्ता गर्न सक्छ ।

साथै संयुक्त मोर्चाको अवधारणालाई पुन: जीवित गरी किसान, महिला र दलितका आन्दोलनहरूलाई स्वायत्त र सशक्त बनाउँदै साझा समाजवादी एजेन्डामा गोलबन्द गर्नु आजको आवश्यकता हो । अव भातृ सङ्गठनहरूलाई स्वायत्त सामाजिक आन्दोलनका रूपमा विकास गर्नुपर्छ ।

अन्त्यमा आजको यो ऐतिहासिक वस्तुस्थिति के हो भने कि त वामपन्थीहरूले आफूलाई उत्पादन, पारदर्शिता र पुस्तान्तरणको मार्गमा निर्ममतापूर्वक पुनर्संरचना गर्ने छन्, अन्यथा इतिहासको पानामा एउटा असफल प्रयोगको रूपमा मात्र सीमित हुने छन् । समाज र कार्यकर्तामा जरा गाडेको उपभोक्तावादी र बुर्जुवा संस्कृतिलाई तोड्न स्पष्ट विचार, अनुशासन र व्यावहारिक अभ्यासको संयोजन अनिवार्य छ ।

सुधारका लागि अब लिपपोत होइन, सर्जिकल अपरेसनकै खाँचो छ । यसरी वैचारिक, साङ्गठनिक, कार्यनीतिक, प्राविधिक, उत्पादनमुखी, सन्तुलित र युवावहुल रूपान्तरणबाट मात्र वामपन्थी राजनीति तथा आन्दोलनलाई समाजवादको लक्ष्यसम्म पुऱ्याउन सकिन्छ ।

*(साभार: रातोपाटी)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# जलाधार क्षेत्रको व्यवस्थापनमा स्थानीय तहको भूमिका महत्वपूर्ण

साझाकुरा संवाददाता

हेटौंडा, १५ बैशाख/ बागमती प्रदेशको राजधानी हेटौंडामा मंगलबार लालबकैया जलाधार व्यवस्थापन योजना तर्जुमा सम्वन्धी सरोकारवालाबीच परामर्श कार्यक्रम भएको छ ।

मकवानपुरको तीन स्थानीय तहसँग जोडिएको लालबकैया क्षेत्रमा जलाधार व्यवस्थापनमा गर्नुपर्ने काम तथा योजनाका विषयमा सरोकारवालबीच परामर्श लिइएको हो । लालबकैया जलाधार क्षेत्रमा पर्ने बकैया गाउँपालिका, मकवानपुर गढी गाउँपालिका र हेटौंडा उपमहानगरपालिका विभिन्न वडाका वडाअध्यक्षहरु,र अन्य सरोकारवाल निकायका प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यक्रम माण्डवीले सहजीकरण तथा ईसीमोडको आर्थिक सहयोग, द स्मल अर्थ नेपालको प्राविधिक सहयोगमा आयोजना गरिएको हो ।



कार्यक्रममा मकवानपुरको बकैया गाउँपालिका १ देखि १२ नम्बर वडाका वडाअध्यक्ष, मकवानपुरगढी गाउँपालिका १ नम्बर वडाका वडाअध्यक्ष र हेटौंडा उपमहानगरको १६, १७, १८ नम्बरका वडाअध्यक्षको सहभागिता रहेको थियो । वडा अध्यक्षहरुले आआफ्नो वडामा जलाधारक्षेत्रमा गरेका काम, पछिल्लो समय देखिएका समस्यालाई समाधान गर्न गर्नुपर्ने कामका बारेमा सामूहिक छलफल गरेर प्रस्तुतीकरण गरेका थिए । जलाधार क्षेत्रलाई जोगाउन नसक्दा पछिल्ला वर्ष देखिएका समस्या र भविष्यमा यसले पार्ने प्रभावका बारेमा सामूहिक छलफल भएको थियो ।

कार्यक्रमबाट आएका सुझाव र प्रभावकारी योजनालाई आयोजकले सम्बोधन गर्दै लैजाने जनाएको छ । कार्यक्रममा सहभागीले जलाधार क्षेत्रको संरक्षणका लागि स्थानीय तह र स्थानीयबासीको महत्वपूर्ण भूमिका रहने औंल्याएका थिए । जसका लागि अहिलेबाटै स्थानीस्तरमा जनचेतनासहित दीर्घकालीन काममा स्थानीय तह लाग्नुपर्नेमा जोड दिइएको थियो । बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा माण्डवी संस्थाका रामाज्ञा साहले स्वागत मन्तव्य राखेको थिए ।

कार्यक्रममा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमाको अहिलेसम्मको प्रगतिका बारेमा द स्मल अर्थ नेपालका भवानी डंगोलले प्रस्तुतीकरण गरेका थिए । लालबकैया जलाधार क्षेत्रको व्यवस्थापनका लागि प्रस्तावित कार्यक्रमको प्रस्तुतीकरण द स्मल अर्थ नेपालका प्रा.डा. नरेन्द्रराज खनालले गरेका थिए । त्यसक्षेत्रमा काम गरि रहेका संस्थाले जनप्रतिनिधिबाट महत्वपूर्ण सुझाव आएको उल्लेख गर्दै योजनालाई अझ प्रभावकारी बनाउन सहयोग पुगेको बताएका छन् । कार्यक्रममा सहभागीलाई द स्मल अर्थ नेपालका डा. जगन्नाथ जोशीले धन्यवाद व्यक्त गरे ।

कार्यक्रमलाई समापन गर्दै बकैया गाउँपालिका अध्यक्ष लामिछानेले योजनाको दीघकालीन कार्यान्वयनका लागि स्थानीय तह सहकार्यका लागि तयार रहेको बताए । जलाधारक्षेत्रमा आएको संकटलाई स्थानीय तहले प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा मकवानपुरका डिभिजन वनअधिकृत राकेशप्रसाद चन्द्रवंशी, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिका र हेटौंडा उपमहानगर पालिका कार्यालयका विपद् व्यस्थापन शाखाप्रमुख, सञ्चारकर्मीको सहभागिता थियो ।

लालबकैया जलाधार व्यवस्थापन योजनाको मुख्य उद्देश्य बाढी, पहिरो र भूक्षयलाई न्यूनीकरण गर्दै वातावरणमैत्री विकास र नदीप्रणालीको संरक्षण गर्नु हो । यो योजनाअन्र्तगत नदीनियन्त्रण, तटबन्ध निर्माण, तथा स्थानीय तहको सहभागितामा बाढी जोखिम व्यवस्थापनका लागि कार्ययोजना र बजेट तर्जुमाका काम गरिन्छ । रौतहटको बकैया नदी नियन्त्रण कार्यालयले विशेष गरी यो क्षेत्रको बाढी, पहिरो तथा मनसुनजन्य विपद् व्यवस्थापनमा द्रुतउद्दार, राहत तथा पुन:स्थापनाका कार्य गर्दछ ।

# चेपाङ संग्रहालय भवन निर्माणकार्य सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १५ बैशाख/ चेपाङ समुदायको पहिचान, संस्कृति र परम्परासँग जोडिएका सामग्रीको संरक्षण गर्ने उद्देश्यले राक्सिराङ गाउँपालिकामा निर्माण गरिएको चेपाङ संग्रहालय भवनको निर्माणकार्य सम्पन्न भएको छ ।

राक्सिराङ गाउँपालिका-५ चैनपुरमा निर्माण गरिएको तीनतले संग्रहालय भवन चेपाङ समुदायको समृद्ध संस्कृति, परम्परा तथा ऐतिहासिक धरोहरलाई सुरक्षित राख्दै भावीपुस्तासम्म पुऱ्याउने लक्ष्यसहित निर्माण गरिएको हो । बागमती प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा ३ करोड ६९ लाख रुपैयाँ लागतमा निर्माण गरिएको संग्रहालयको भवन संरचनाको निर्माण सकिएको छ भने भित्र सामग्री व्यवस्थापनका लागि पार्टेसन तथा साज सज्जा गर्ने काम बाँकी रहेको छ ।

विज्ञको सुझावका आधारमा संग्रहालयभित्र सामग्री राख्ने स्थान, संरचना तथा सजावटको काम गरिने गाउँपालिका प्रवक्ता तथा वडा नम्बर ५ का अध्यक्ष हरिबहादुर प्रजाले बताएका छन् । ती कार्यसम्पन्न भएलगत्तै संग्रहालय सञ्चालनमा ल्याइने तयारी गरिएको उनले जानकारी दिए । संग्रहालयमा चेपाङ समुदायले परम्परागतरुपमा प्रयोग गर्दै आएका सामग्री प्रदर्शन गरिनेछन् । अवलोकनकर्ताले चेपाङका विशेष परिकारको स्वाद लिन सक्ने र संग्रहालय परिसरमै बसेर खान तथा सामग्री खरिद गर्न सक्ने व्यवस्था गरिने योजना रहेको छ ।

संग्रहालयको तल्लोतलामा चेपाङ समुदायले परम्परादेखि प्रयोग गर्दै आएका तर, हाल लोपोन्मुख अवस्थामा पुगेका सामग्री राखिनेछन् । यसमा एकपाखे ढ्यांग्रो, चिउरीको रस निकाल्ने ठिउरी, धनुषकाँण, एकसरो लगौंटी, ढाकर पाटको गुलेली र माटोको मट्याङ्ग्रा, चिउरीको घिउ राख्ने काठको ठेकी, भोर्लाको जाबी लगायत ६५ प्रकारका विभिन्न सांस्कृतिक तथा घरायसी सामग्री समावेश गरिनेछ । २०७२ सालको भूकम्पले पुरानो संग्रहालय भवनमा क्षति पुऱ्याएपछि नयाँ भवन बनाइएको हो । सरकारले सूचीकृत गरेका ५९ आदिवासी जनजातिमध्ये चेपाङ समुदाय पनि एक हो ।

२०७८ सालको जनगणना अनुसार नेपालमा चेपाङको कुल जनसंख्या ८४ हजार ३ सय ६४ रहेको छ भने मकवानपुर जिल्लामा १९ हजार २ सय ३३ जना चेपाङ बसोबास गर्छन् । मकवानपुरको जातिगत संरचनामा चेपाङ पाँचौं स्थानमा पर्छन् । चेपाङ समुदायको उल्लेख्य बसोबास रहेको राक्सिराङ गाउँपालिकामा मात्रै करिब ४३ दशमलव ९६ प्रतिशत जनसंख्या चेपाङ समुदायको रहेको छ ।

चेपाङ समुदायले जंगलमा पाइने कन्दमूल र खोलाको माछा मारेर दैनिक जीवनयापन गर्दै आएका छन् । नेपालमा करिब ७२ हजार जनसंख्या रहेको चेपाङ समुदायको मुख्य बसोबास भने चितवन, धादिङ, मकवानपुर र गोर्खा हो । पछिल्ला वर्षमा अधिकांश चेपाङ समुदायले आफ्नो मौलिक र परम्परागत धर्म परिवर्तन गरी क्रिश्चियन धर्ममा लागेका छन् ।

# भूमि प्रशासनसम्बन्धी सेवा पालिकाबाट गर्ने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १५ बैशाख/ भूमि प्रशासनसम्बन्धी सेवाहरु अब स्थानीय तहबाट सुरु गर्ने तयारी गरिएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले हालको भूमिसुधार, मालपोत र नापी कार्यालयबाट प्रवाह हुँदै आएका सेवाहरु स्थानीय तहबाट गर्ने तयारी थालेको हो ।




मन्त्रालयले यी सेवाप्रवाह गर्न चाहने स्थानीय तहलाई आवश्यक पर्ने जनशक्ति तथा पूर्वाधारसहितको व्यवस्था आफैंले गर्नेगरी सेवाप्रवाहका लागि इच्छुक रहेको व्यहोरासहितको पत्र माग गरेको छ । मन्त्रालयको यही वैशाख १० गतेको पत्रअनुसार ७ दिनभित्र स्थानीय तहले भूमि प्रशासनसम्बन्धी सेवाप्रवाहका लागि इच्छुक रहेको पत्र पठाउनुपर्ने छ । अहिले पालिकाबाट पत्र आउने क्रम जारी छ । चितवनको भरतपुर महानगरले यही वैशाख १४ गते मन्त्रालयमा पत्र पठाएर भूमि प्रशासन सम्बन्धी सेवाप्रवाह गर्न इच्छुक रहेको जानकारी दिएको छ ।

अन्य पालिकाबाट पनि पत्र आउने क्रम जारी रहेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सूचना अधिकारी राजेन्द्रप्रसाद गौतमले बताए । पालिकाहरुले भूमि प्रशासनसम्बन्धी सेवाप्रवाह थालिसकेका छैनन् । किनभने त्यसका लागि कानुनी व्यवस्था भइसकेको छैन । कानुन नबनिसकेकाले अहिले नै भूमिसुधार, मालपोत र नापी कार्यालय के हुन्छन् भन्ने निश्चित छैन । मन्त्रालयका सूचनाअधिकारी गौतमकाअनुसार अहिले मालपोत र नापी कार्यालयलाई गाभ्नेबारे अनौपचारिक छलफल भइरहेको छ ।

'तिनलाई केकति काम दिने भन्ने कुरा ऐन बनेपछि मात्र थाहा हुन्छ,' गौतमले भने, 'अहिले कानुन नबनिसकेकाले ती कार्यालयको भविष्यबारे ठ्याक्कै भन्न सकिएन ।' तर, कानुन नबन्दै मन्त्रालयले भूमि सम्बन्धी सेवाप्रवाह गर्न इच्छुक पालिकाबाट पत्र मागेको हो । यसको कारणबारे सूचनाअधिकारी गौतम भन्छन्, 'कानुन बन्दै गर्दा पालिकाबाट पनि विवरण आयो भने कानुन बन्नासाथ काम थाल्न सकिनेछ ।'

# म:म: अनलाइन अर्डर, घरमै डेलिभर



साझाकुरा संवाददाता

हेटौंडा, १५ बैशाख/ हेटौंडाको हुप्राचौर नजिकै सञ्चालनमा रहेको 'सान्साको भान्सा'ले आफ्ना परिकार अब अनलाइन मार्फत् नेपालभर उपलब्ध गराउने भएको छ ।

स्थानीय उद्यमलाई प्रवर्द्धन गर्ने उद्देश्यसहित कम्पनीले आफ्ना उत्पादन डिजिटल माध्यमबाट बिक्री वितरण सुरु गरेको जनाएको छ । एक औपचारिक कार्यक्रमबीच उद्यमी श्रुति आचार्य भट्टराईले आफ्नो उद्योगको आधिकारिक वेबसाइट सार्वजनिक गरेकी हुन् ।

हेटौंडा स्कुल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशीले वेबसाइट उद्घाटन गरेका हुन् । आफूले अध्ययन गरेको कलेजको प्रिन्सिपलबाट आफ्नै व्यवसायको वेबसाइट सार्वजनिक गराउँदा उद्यमी भट्टराईले विशेष खुशी व्यक्त गरिन् । कार्यक्रममा प्रिन्सिपल जोशीले आफ्नै संस्थाबाट अध्ययन गरेका विद्यार्थी उद्यमशीलतामा अघि बढ्नु सकारात्मक संकेत भएको उल्लेख गरे ।

सान्साको भान्साले विशेषगरी अचार, म:म:लगायतका परम्परागत तथा लोकप्रिय परिकार उत्पादन गर्दै आएको छ । अब ती परिकार देशभरका उपभोक्ताले अनलाइनमार्फत् सहजरुपमा अर्डर गर्नसक्ने कम्पनीले जनाएको छ । स्थानीय स्तरमा उद्यमशीलता र आत्मविश्वास बढाउँदै यस्ता पहल विस्तार हुनुपर्नेमा सहभागीले जोड दिएका थिए ।


## वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

*डढेलोबाट वन जोगाऔं-अमूल्य वन सम्पदाको संरक्षण गरौं ।*

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानविय क्षती समेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।


वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामि सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय मकवानपुर**
हेटौंडा, नेपाल

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




**सम्पर्क:**
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना